# धोबीनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लंगडी पर्सा
## मधेश प्रदेश, नेपाल

# पोखरीको किस्ता बुझाउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सुचना प्रकाशित मिति २०७९।११।०५)

यस धोबीनी गाउपालिका अधिनस्त तपसिलमा उल्लेखित पोखरिको खुला डाक बढाबढ द्वारा आ.ब.०७७७८ देखि आ.ब.०८१।०८२ सम्म पाँच बर्षका लागि पोखरी ठेक्का साकार गरेका तपसिल बमोजिमका फर्महरुले यस कार्यालयलाई बुझाउनुपर्ने किस्ता बापतको रकम तोकिएको समयमा भुक्तान नगर्नु भएको र यस गाउकार्यपालिका बाट लिखित तथा मौखिक रुपमा पोखरी किस्ता भुक्तान गर्न अनुरोध गर्दा समेत किस्ता भुक्तान नगरी पोखरी ठेक्का सम्झौताको शर्त उल्लघन गर्नु भएकाले तपाई फर्महरुको नाँउमा बक्यौता पोखरी किस्ता भुक्तान गर्न यो सार्वजनि सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस गाउ कार्यपालिकामा सम्पर्क राखि सम्पूर्ण बक्यौता किस्ता भुक्तान गर्नहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधी भित्र किस्ता भुक्तान नगर्नु भएमा पोखरी ठेक्का सम्झौता भंग/खारेज गरि फर्मले सुरक्षण बापत यस गाउपालिका लाई उपलब्ध गराउनु भएको धितो सम्पति लिलाम बिक्रि वा अन्य व्यवस्था गरि पोखरि किस्ता रकम असुल गर्ने र कथंमकदाचित धितो बाट असुल उपर हुन नसके, असुल उपर नभई बाँकी रहेको लेना रकम फर्म वा निजको एकासंगोल परिवारका नाँउमा रहेको अन्य चल अचल सम्पति बाट समेत बक्यौता किस्ता रकम असुल उपर गर्न कानूनी कारबाहीहरु अवलम्बन गरिने मिति २०७९।०८।१७ गते बसेको यस गाउपालिकाको कार्यपालिका बैठक बाट सर्वसम्मतिले निर्णय भएको हुदा सबै सरोकारवालाको जानकारी को निमित यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

| सि. नं. | पोखरी ठेक्का साकार गरेको फर्मको नाम | जम्मा बक्यौता किस्ता रकम |
|---|---|---|
| १. | श्री ऐनुल हक, नगमा माछा पालन फर्म, धोबीनी गा.पा.५,जगरनाथपूर (धोबीनी पोखरी) | रु.२९,७७,८०० (०७८पौष मसान्त सम्म दोस्रो, ०७९ असाढ मसान्त सम्म तेस्रो र ०७९ पौष मसान्त सम्म चोथो किस्ता तिर्न बाकि) |
| २. | श्री अशोक प्रसाद यादव, संसारीमाई एकीकृत कृषि फर्म, धोबीनी गा.पा ५, जगरनाथपूर (पनघटवा पोखरी) | रु.९,४०,००० (०७८पौष मसान्त सम्म दोस्रो, ०७९ असाढ मसान्त सम्म तेस्रो र ०७९ पौष मसान्त सम्म चोथो किस्ता तिर्न बाकि) |
| ३. | श्री धनजय प्रसाद पटेल, दुर्गाभवानी एकीकृत कृषि फर्म,कालिकामाई गा.पा ३, हरिहरपूर विर्ता (धोबाहा पोखरी) | रु.१४,०४,२०० (०७९ असाढ मसान्त सम्म तेस्रो र ०७९ पौष मसान्त सम्म चोथो किस्ता तिर्न बाकि) |
| ४. | श्री मोगिस आलम, मुस्ताक माछा फर्म, छिपहरमाई गा.पा.२, सम्भौता (पूरैनिया पोखरी) | रु.३५,५५,००० (०७८ पौष मसान्त सम्म दोस्रो, ०७९ असाढ मसान्त सम्म तेस्रो र ०७९ पौष मसान्त सम्म चोथो किस्ता तिर्न बाकि) |

प्रमुख प्रशासकीय अधिकृत